बैठक संख्या - १३

आज मिति २०८२ साल जेष्ठ महिनाको ११ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री कृष्ण प्रसाद पौड्याल | |

आमन्त्रित :-

CamScanner

बैठक संख्या १३

## मिति २०८२/०२/११ गतेको गाउँकार्यपालिका तेह्रौं_बैठकका प्रस्तावहरू

१. गाउँकार्यपालिकाको अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. आगामी गाउँसभाको तयारी सम्बन्धमा ।

३. बालमैत्रि स्थानीय तह घोषणाको लागि थप वडा छनौट सम्बन्धमा ।

४. बालश्रम मुक्त स्थानीय तह घोषणाको तयारी सम्बन्धमा ।

५. विपद्बाट क्षतिग्रस्त उद्योग र विद्यालय सम्बन्धमा ।

६. सिपमुलक तालिम तथा आय आर्जन कार्यक्रम संचालन सम्बन्धमा ।

७. जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय कार्यान्वियन सम्बन्धमा ।

क) राप्ती नदी लगाएतमा रहेको ओभरस्टकलाई निकाली नदीलाई च्यानलाईज गर्ने सम्बन्धमा ।

ख) हाल भइरहेको नदीजन्य पदार्थको उत्खनन, घाटगद्दी तथा बिक्री व्यवस्थापन सम्बन्धमा ।

८. नदिजन्य पदार्थको घाटगद्दी खर्चको भुक्तानी सम्बन्धमा ।

९. विद्यालय मर्ज गर्ने सम्बन्धमा ।

१०. विविध सम्बन्धमा ।

सचिव

राम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँसभाको सचिवालय
गढवा दाङ
लुम्बिनी प्रदेश नेपाल

CamScanner

# गाँउकार्यपालिकाको तेह्रौं बैठकका निर्णयहरू - २०८२/०२/११

**निर्णय नं. १**

यस गढवा गाउंपालिकाको मिति २०८२/०१/१४ गते बसेको गाउंकार्यपालिकाको बैठकमा भएका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वियनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

**निर्णय नं. २**

गढवा गाउंपालिकाको गाउंसभाको १७ औं अधिवेशनको बैठकमा पेश गर्ने निति तथा कार्यक्रम असार महिनाको ०२ गते पेश गर्ने गरि विषयगत समितिहरूले गाउंसभाको तयारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

गढवा गाउँपालिकालाई बालमैत्री स्थानीय तह घोषणाको कार्यक्रम वडा नं. १, २ र ३ मा संचालन गर्दै आएकोमा वडा नं. ४ मा पनि सो कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

गढवा गाउँपालिकालाई बालश्रम मुक्त घोषणा गर्नको लागि आवश्यक प्रक्रिया अगाडी बढाउनको लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखालाई जिम्मा दिने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. ५**

गढवा गाउँपालिकामा मिति २०८२/०२/०२ गते आएको हावाहुरीको कारण गढवा १ वडहरामा रहेको गोवरडिहा काष्ठ फर्निचर उद्योग र गढवा ३ मा रहेको विद्यालयको (सरस्वती मा.वि विद्यानगर) भवनमा क्षति पुऱ्याएकोले मर्मत संभार गरिपाउँ भनि अनुरोध भई आएकोले विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी वडा नं. १ मा रहेको गोवरडिहा काष्ठ फर्निचर उद्योगको लागि रू. १,००,००० (अक्षरूपी एक लाख) रूपैयाँ सम्मको विल बमोजिम जस्तापाता उपलब्ध गराउने र क्षतिग्रस्त विद्यालयको लागत अनुमान बमोजिम मर्मत कार्य गरि विद्यालय सुचारू गराउने गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत संघिय सशर्त अनुदानको सिपमुलक तालिम तथा आय आर्जन कार्यक्रम (हाते कागज तथा हाते कागजका बस्तु तयारी पोशाक खाद्य प्रशोधन कार्यक्रम) वडा नं. २ मा गरिबी निवारणको लागि लघुउद्यम विकास कार्यक्रम कार्यान्वियन ईकाइबाट सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित भयो।

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गढवा दाङ
लुम्बिनी प्रदेश नेपाल

**निर्णय नं. ७**

क) जिल्ला प्रशासन कार्यालय दाङको च.नं. ६७९९ मिति २०८२।२।०८ को पत्रानुसार गढवा गाउँपालिका वडा नं १ बडहरा र राप्ती गाउँपालिका वडा नं ३ खुरुरिया जोड्ने झोलुङ्गे पुल निर रापि नदिको बेड लेवल बढेर नदिको बहाव दक्षिण तर्फ मोडिएकोले नदीको दक्षिण तर्फको तटबन्धनलाई क्षति पुगिरहेकोले सम्भावित जोखिमबाट सुरक्षित रहनको लागि पुलको ५०० मिटर माथि देखि पुलको १००० मिटर तलसम्म कम्तिमा ५० मिटर चौडाईमा १.५ मिटर गहिराई हुनेगरि नदिको बेड डाउन गरि राप्ती नदीलाई बिच भागबाट बग्ने च्यानल बनाउन आवश्यक भएको साथै गढवा गाउँपालिका वडा नं ६ स्थित सुके खोलाको बेड लेभल बढेर किनाराका जग्गा कटान हुने अवस्था रहेकोले करिव ५०० मिटर लम्वाई २० मिटर चौडाई र १ मिटर गहिराई हुने गरि च्यानलाईज गर्न आवश्यक रहेकोले प्रचलित कानून/निति/कार्यविधि/मापदण्ड बमोजिम माथि उल्लेखित कार्य गर्नको लागि अनुमति प्रदान गर्ने निर्णय भई आएकोले सो बमोजीम स्थानीय पूर्वाधार विकास विभागको अनुमति लिई नदिलाई च्यानलाईज कार्य गर्नको लागि सार्वजनिक खरिद नियमावली बमोजीम छिटो प्रकृया अपनाई सो कार्य गर्ने र सो कार्य तत्काल गर्नु पर्ने भएकोले प्राविधिकको कार्ययोजना बमोजिमको सवारी साधन र हेभि ईक्युपमेन्टको प्रयोग गर्न अनुमति दिने साथै यसरी नदीलाई च्यानलाईज गर्दा निस्कने गुणस्तरीय निर्माण सामाग्रिलाई घाटगद्दी गरि बिक्रि गर्ने सो कार्य गर्दा लाग्ने खर्च विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने र नदिजन्य पदार्थको बिक्रिबाट प्राप्त रकम मध्ये घाटगद्दी खर्च वापतको रकम विपत व्यवस्थापन कोषमा सोधभर्ना गर्ने निर्णय सर्वसम्मतबाट गरियो ।

ख) यस पालिकाको तर्फबाट हाल भई रहेको नदिजन्य पदार्थको घाटगद्दी कार्य र घाट गद्दी भएका स्टकहरुको बिक्रि कार्यको सम्वन्धमा समिक्षा गरियो । यस कार्यलाई पालिकास्तरीय अनुगमन समितिबाट अनुगमन गरि थप व्यवस्थित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

गढवा गाउँपालिकाबाट नदिजन्य पदार्थ बिक्रि भएको रकम मध्ये राजश्व बापतको रकम विभाज्य कोष खातामा जम्मा गर्ने र बाँकी घाटगद्दी बापतको रकमबाट घाटगद्दी खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँसभाको सचिवालय
गढवा दाङ
लुम्बिनी प्रदेश नेपाल

यग नारायण शर्मा पोखेल
अध्यक्ष

सचिव

## निर्णय नं. ९

विद्यार्थी संख्या न्यून भएका विद्यालय मर्ज गर्ने सरकारको नीति अनुसार यस गढवा गाउँपालिका अन्तर्गत रहेका तपसिलका विद्यालयहरू मर्ज गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो । साथै मर्ज भएपश्चात खाली हुने प्रा.वि खजरौटाको भवन तथा जग्गालाई अवधि सांस्कृतिक संग्राहलयको रूपमा विकास गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | समायोजन हुने विद्यालय | क्र.सं. | समायोजन एवम् एकीकरण भई कायम हुने विद्यालय | कै. |
|---|---|---|---|---|
| १ | आधारभुत विद्यालय खजरौटा गढवा ५ | १ | मा.वि चैनपुर, गढवा ५ | |
| २ | ज्ञानज्योती प्रा.वि. मानपुर, गढवा ७ | २ | जनता मा.वि गढवा, गढवा ७ | |

## निर्णय नं. १०

क) गढवा गाउँपालिकाले उत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गर्दै आइरहेकोमा यस वर्ष पनि कार्यसम्पादन मुल्याङ्कनको आधारमा कृषि विकास शाखामा कार्यरत कर्मचारी श्री फुलनदेवि चौधरीलाई उत्कृष्ट कर्मचारी घोषणा गरिएकोमा निजलाई पुरस्कार राशी रू २५,०००। (अक्षेरूपी पच्चीस हजार रूपैया मात्र) उपलब्ध गराउने निर्णय सर्वसम्मत रूपमा गरियो ।

ख) गढवा गाउँपालिका वडा नं. ६ मा अवस्थित दाङ देउखुरी सर्पदंश उपचार केन्द्रमा २४ घण्टा खटिने नेपाली सेनालाई बिहान र बेलुका खाना र दिउँसो खाजा क्यान्टीनले खुवाउने वा क्यान्टीनको दररेट बमोजिम खाजा तथा खाना बापत नगद उपलब्ध गराउने निर्णय सर्वसम्मत रूपमा गरियो ।

ग) गढवा गाउँपालिका वडा नं. १ मलमलामा भित्रि सडक तत्काल ग्राभेल गर्नुपर्ने आवश्यकता देखिएकोले आगामी गाउँसभाबाट अनुमोदन गराउने गरी तपसिल बमोजिम हुनेगरि बजेट रकमान्तर/संशोधन गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

| क्र.सं. | घटाउने शिर्षक | रकम रू | बढाउने शिर्षक | रकम रू |
|---|---|---|---|---|
| १. | समपुरक कोष गा.पा स्तर | ४,००,०००। | मलमलामा भित्रि सडक ग्राभेल | ४,००,०००। |

गढवा गाउँपालिका गाउँसभाको सचिवालय गढवा दाङ लुम्बिनी प्रदेश नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

सचिव

CamScanner

घ)  गढवा गाउँपालिका वडा नं ८ स्थित मुसिनाका डिप बोरिङ्ग खानेपानी योजनामा डिप बोरिङ्गको कार्य सम्पन्न भएको तर विद्युत लाईन,पाईप लगाएतका कार्य नहुँदा खानेपानी योजना सञ्चालनमा नआएको कारणले सो योजनाका उपभोक्ताहरु खानेपानी सुविधाबाट बञ्चित भएको अवस्थालाई विचार गर्दा योजनाको रकम भुक्तानी गरि बाँकी रहने रकमबाट थप काम गरि खानेपानी योजना सञ्चालन गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

ङ) विद्युत सव स्टेशन निर्माण स्थलमा भएको विवाद समधानका लागि निर्माण कार्य सूचारू गर्दा क्षति पुगेका घरधनी श्री हिम कुमारी वि.क.लाई गाउँपालिकाको तर्फबाट क्षतिपूर्ति स्वरूप एकमुष्ट रू ४,००,०००। (अक्षेरूपी चार लाख रूपैया) निजलाई क्षतिपुर्ति स्वरूप नगद उपलब्ध गराउने निर्णय सर्वसम्मतीले गरियो ।

च) गढवा गाउँपालिका वडा नं. ६ स्थित कुमाल टोलमा बाटो विस्तार गर्दा घरहरूमा क्षति पुगी विस्थापित भएका परिवारहरूलाई अस्थायी रूपमा टहरा निर्माण गरि व्यवस्थापन गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँसभाको सचिवालय
गढवा दाङ
लुम्बिनी प्रदेश नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

निर्णय प्रमाणित गर्ने
सचिव

बैठक संख्या - १४

आज मिति २०८२ साल जेष्ठ महिनाको २१ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | मानबहादुर |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव (नि.प्र.प्र.अ.) | श्री पुनाराम शर्मा | |

आमन्त्रित :-

१. श्री मदन खत्याल, सर्वेक्षक

सहयोगी

१. कृष्ण प्रसाद पौडेल सहायक पाँचौ

बैठक संख्या १४

## मिति २०८२/०२/२१ गतेको गाउँकार्यपालिका चौधौं बैठकका प्रस्तावहरू

१. भूमिहीन दलित र भूमिहीन सुकुम्वासीलाई उपलब्ध गराउने जग्गाको प्रस्तावित विवरण सम्वन्धमा ।

२. विविध सम्बन्धमा ।

### निर्णयहरुः

**निर्णय नं. १**

गढवा गाउँपालिका वडा न. २ डाडा टोलका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको विवरण भुमि समस्या समाधान आयोगको लगत संकलन कार्यविधिको अनुसूची १२ बमोजिमको ढाँचामा गढवा गाउँपालिका र वडामा सुचना टाँस गर्दा कुनै पनि उजुर वाजुर नपरेको हुँदा भुमि सम्बन्धि नियमहरु २०२१ को अठारौ संशोधन २०७७/०९/०६ को परिच्छेद -५ को दफा ४१ ख बमोजिम जग्गा उपलब्ध गराउन भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने कार्यविधि २०८१ को अनुसूची १ बमोजिमको ढाँचामा भुमि समस्या समाधान आयोग जिल्ला समिति दाङमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

अनुसूची -१

(दफा ३ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित )

(भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई उपलब्ध गराउने जग्गाको प्रस्तावित विवरण)

स्थानीय तहकों नामःगढवा गाउँपालिका मितिः

वडा नं : २

जग्गा रहेको स्थानीय तहकों क्षेत्र (सहरी/सहरी बाहेक): सहरी बाहेक

भौगोलिक क्षेत्र (तराई तथा भित्री मधेस/हिमाली तथा पहाड): भित्री मधेस

| क्र. सं | परिवारमूलिको नाम,थर | नक्सा नं | कित्ता कोड | भोगचलन गरेको क्षेत्रफल | प्रयोजन | उपलब्ध गराउन सकिने जग्गाको अधिकतम क्षेत्रफल (व.मि) | उपलब्ध गराउने कित्ता (पुरै वा मध्य) | उपलब्धगराउने जम्मा क्षेत्रफल (व.मि) | अस्थायी कित्ता नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पर्ति | गोबरडिहा २ | - | १५३६४१.७२ | - | २००० | - | १५३६४१.७२ | १ |
| २ | पदम प्रसाद साह | गोबरडिहा २ | BS००४३-१ | १६२२.४६ | कृषि | २००० | पुरै | १६२२.४६ | २ |
| ३ | सीता वैजाली घर्ती | गोबरडिहा २ | BS००११-१ | १३३१.२६ | कृषि | २००० | पुरै | १३३१.२६ | ३ |

नि.प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | पूर्ण पुन मगर | गोबरडिहा २ | BS००२४-१ | ५३४.१६ | कृषि | २००० | पुरै | ८७०.१४ | ४ |
| | | गोबरडिहा २ | BS००२४-२ | ३३५.९८ | कृषि | | पुरै | | ५ |
| ५ | तारा पुन मगर सवांगी | गोबरडिहा २ | BS०००३-१ | १००९.०५ | कृषि | २००० | पुरै | १९९७.०४ | ७ |
| | | गोबरडिहा २ | BS०००३-२ | ९८७.९९ | कृषि | | पुरै | | ६ |
| ६ | हिरालाल वि.क | गोबरडिहा २ | BD०००१-१ | १७६२.०७ | कृषि | २००० | पुरै | १९९६.३८ | ८ |
| | | गोबरडिहा २ | BD०००१-३ | ४३७.६७ | कृषि | | मध्य | | ११ |
| ७ | राम बहादुर चौधरी | गोबरडिहा २ | BS००२८-१ | ५४३.५० | कृषि | २००० | पुरै | ५४३.५० | ९ |
| ८ | मंगल प्रसाद चौधरी | गोबरडिहा २ | BS००२०-१ | १०४६.०५ | कृषि | २००० | पुरै | १०४६.०५ | १० |
| ९ | विच्छु कामी | गोबरडिहा २ | BD०००२-१ | १२७५.४० | कृषि | २००० | पुरै | १२७५.४० | १२ |
| १० | सुइटी विश्वकर्मा | गोबरडिहा २ | BD००११-१ | १७४.५८ | कृषि | २००० | पुरै | १७४.५८ | १३ |
| ११ | सुनील चौधरी | गोबरडिहा २ | BS००३६-१ | ४९६.२० | कृषि | २००० | पुरै | ४९६.२० | १४ |
| १२ | धर्म प्रसाद चौधरी | गोबरडिहा २ | BS००३१-१ | ६४१.९६ | कृषि | २००० | पुरै | ६४१.९६ | १५ |
| १३ | निर्मला चौधरी | गोबरडिहा २ | BS००३७-१ | ४४८.८३ | कृषि | २००० | पुरै | ४४८.८३ | १६ |
| १४ | सन्जु कुमार वि.क | गोबरडिहा २ | BD००१२-१ | ६७.१३ | कृषि | २००० | पुरै | २२४.२४ | १८ |
| | | गोबरडिहा २ | BD००१२-२ | १५७.११ | कृषि | | पुरै | | १७ |
| १५ | खुशिला घर्ती मगर | गोबरडिहा २ | BS००४०-१ | ८४९८.९० | कृषि | २००० | मध्य | १९९९.७४ | १९ |
| १६ | पुष्पा पुन मगर | गोबरडिहा २ | BS००३४-१ | ४५९८.८१ | कृषि | २००० | मध्य | १९९७.२३ | २० |

नि.प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner